बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

कृषि विकास निर्देशनालय

हेटौंडा, मकवानपुर

कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०८/०२)

कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरू कार्यान्वयनका लागि सम्बन्धित कार्यक्रम सञ्चालन कार्यविधिमा तोकिए बमोजिमका सर्तहरू पालना गर्ने गरी साझेदारी गर्न इच्छुक बागमती प्रदेश भित्रका आवेदकहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मंसिर २२ गते) भित्र सम्बन्धित कार्यविधिमा तोकिए बमोजिमका कागजातहरू संलग्न गरी कार्यालय समय भित्र यस कृषि विकास निर्देशनालय, हेटौंडा वा जिल्ला स्थित कृषि विकास कार्यालयहरु वा कृषि तथा पशुपन्छी विकास कार्यालयहरु मार्फत प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। प्रस्तावहरू अनलाईन वा इमेलमार्फत समेत प्रस्ताव पेस गर्न सकिनेछ।

तपसिल:

क्र. सं.	कार्यक्रमको नाम	स्वीकृत बजेट (रु. लाखमा)	साझेदार संस्था	निर्देशनालयको साझेदारी	स्वीकृत कार्यविधिको नाम
१	कृषि ज्ञान रत्न प्रवर्द्धन कार्यक्रम	११०	कम्तीमा स्नातक तह अध्ययन पुरा गरी कृषि पेशामा आबद्ध व्यक्तिको प्रत्यक्ष संलग्नतामा स्थापित निजी फार्म वा कम्पनी	सम्बन्धित कार्यविधिको दफा ४३ को उपदफा (१) (ङ) बमोजिम प्रोत्साहन अनुदान	एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३
२	कृषि उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम	२००	कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी, निजी कृषि फार्म/ कृषि कम्पनीहरू	सम्बन्धित कार्यविधिको दफा ४३ को उपदफा (१) (छ) बमोजिम प्रोत्साहन अनुदान	
३	रैथाने बाली प्रवर्द्धन कार्यक्रम	१००	रैथाने बाली उत्पादन, प्रवर्द्धन, संरक्षण, व्यवसायिकरण, परिकार विविधीकरण र बजारीकरणमा संलग्न कृषक समूह, कृषि सहकारी, निजी फार्म/व्यवसायी तथा सामुदायिक संस्था	सम्बन्धित कार्यविधिको दफा ४३ को सम्बन्धित उपदफा बमोजिम प्रोत्साहन अनुदान	
४	कृषिमा स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुको लागि सोधकार्यमा सहयोग	२५	कृषि विषय (कृषि, खाद्य, कृषि इन्जिनियरिङ) लिई स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी कम्तीमा पनि दोस्रो सत्रान्तमा अध्ययनरत रहेको र अध्ययनको क्रममा शोधकार्य शुरू नगरेका र बागमती प्रदेशभित्र अनुसन्धान कार्य गर्न इच्छुक विद्यार्थीहरू	सम्बन्धित कार्यविधिको दफा ९ को उपदफा (१) बमोजिम प्रोत्साहन सहयोग	कृषिमा स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरुको लागि सोधकार्यमा सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

नोटः

- यदि प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा सो दिनको भोलिपल्टलाई प्रस्ताव पेश गर्ने अन्तिम दिन मानिनेछ।
- उल्लेखित कार्यविधिहरूमा स्पष्ट नखुलेका विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ।
- विस्तृत जानकारीको लागि यस निर्देशनालयको सूचना पाटीमा टाँस गरिएको सूचना वा फोन नं. ०५७-५९०५८८/९८५५०८६३६१ मा सम्पर्क राख्नुहुन वा निर्देशनालयको वेबसाइट https://doad.bagamati.gov.np/ वा कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयको वेबसाइट http://moald.bagamati.gov.np/ बाट सम्बन्धित कार्यक्रम संचालनका लागि तोकिएका कार्यविधि डाउनलोड गरी जानकारी लिन सक्नुहुनेछ।

महानिर्देशक